# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड १९ ] काठमाडौं, कार्तिक ११ गते २०२६ साल [ संख्या २८


श्री ५ को सरकार

अर्थ मन्त्रालयको

### सूचना

कर्मचारी संचय कोष ऐन, २०१९ को परिच्छेद ३ को दफा १६ को उपदफा (१) बमोजिम श्री ५ को सरकारको स्वीकृति लिई कर्मचारी संचय कोषले सम्झौता गरेका बेहायका संस्थानहरूका कर्मचारीहरूको संचय कोषमा जम्मा भएको रकमको साँवा र व्याज समेत अन्य कुराहरूको सम्बन्धमा पनि उक्त कर्मचारी संचय कोष ऐन, २०१९ लागू हुने गरी श्री ५ को सरकारले घोषित गरेको छ। साथै श्री ५ को सरकारको स्वीकृति लिई कर्मचारी संचय कोष र उक्त संस्थाहरूको बीचमा भएका सम्झौताहरू अनुसूची (क), (ख), (ग) र (घ) बमोजिम छ।

१. नेपाल विद्युत उद्योग (प्रा. लि.) १

२. नेपाल विद्युत समिति १

३. गुठी संस्थान १

४. घरेलु शिल्पकला बिक्री भण्डार (प्रा. लि) १



४३२

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# अनुसूचि (क)

कर्मचारी संचय कोष ऐन, २०१९ अनुसार नेपाल विद्युत उद्योग (प्रा. लि.) का सबै कर्मचारीहरूको मासिक तलबबाट संचय कोष कट्टी गरी कोषमा जम्मा गर्ने भएकोले।

श्री ५ को सरकारबाट यो सम्झौता गर्न मिति २०२५।११।१० मा दिइएको स्वीकृति अनसार,

तल लेख बमोजिम नेपाल विद्युत उद्योग (प्रा. लि.) र कर्मचारी संचय कोषले समय समयमा गर्नु पर्ने कारवाई गर्न मञ्जूर गरी नेपाल विद्युत उद्योग (प्रा. लि.) को मेनेजर र कर्मचारी संचय कोषको प्रशासकले दुई दुई प्रतिमा आजका मितिमा दस्तखत गरी एक एक प्रति बुझि लियौं।

नेपाल विद्युत उद्योग (प्रा. लि.) का कर्मचारीहरूको तलबबाट २०२५ साल श्रावण देखि (प्रा. लि.) को नियमानुसार कट्टि भएको र त्यसमा थप दिएको रकम समेत प्रत्येक कर्मचारीको नाम नामेसी र अरू चाहिने विवरण तयार गरी एक मुष्ट रकम क. सं. कोषको नाममा बैंकमा जम्मा गरी भौचर र फांटवारी कोषमा पठाई दिने।

यस सम्झौतामा हस्ताक्षर भएको मितिले पहिला महीनादेखि नेपाल विद्युत उद्योग (प्रा. लि.) ले कर्मचारी संचय कोष ऐन, हालका र पछि बन्ने नियम, आदेशको अधिनमा रही नेपाल विद्युत उद्योग (प्रा. लि.) का कर्मचारीहरूको मासिक तलबबाट ऐनको अनुसूची बमोजिम कर्मचारी संचय कोष कट्टि गरी र त्यसमा नेपाल विद्युत उद्योग (प्रा. लि.) बाट व्यहोरिने १० प्रतिशत वा सो भन्दा बढी त्यसै (प्रा. लि.) को नियम अनुसार थप दिने रकम समेत ने. रा. बैंक वा कोषले अधिकृत गरेको अरू बैंक वा मालमा जम्मा गरी दिनेछ।

कर्मचारी संचय कोषको कार्यालयमा, २०२६ साल जेष्ठ १२ गते रोज १ का दिन यो सम्झौतामा हस्ताक्षर गरिएको छ।

नेपाल विद्युत उद्योग (प्रा. लि.) को तर्फबाट

( )
मेनेजर

( )
संचालक

( )
संचालक

कर्मचारी संचय कोषको तर्फबाट

( )
प्रशासक

( )
संचालक

( )
संचालक

कर्मचारी संचय कोषको छाप।

४२६

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# अनुसूचि (ख)

कर्मचारी संचय कोष ऐन, २०१९ अनुसार नेपाल विद्युत समितिले नेपाल विद्युत समितिका सबै कर्मचारीहरूको मासिक तलबबाट संचय कोष कट्टी गरी कोषमा जम्मा गर्ने भएकोले,

निम्न दफामा उल्लेख भए बमोजिम नेपाल विद्युत् समिति र कर्मचारी सञ्चय कोषले गर्नुपर्ने कारवाही समय समयमा गर्न मञ्जूर गरी नेपाल विद्युत् समितिको निम्न अधिकृतहरू र कर्मचारी सञ्चय कोषको प्रशासकले २।२ प्रतिमा आजका मितिमा दस्तखत गरी १।१ प्रति बुझिलियौं ।

१. श्री ५ को सरकारको मिति २०२४।३।५ को स्वीकृति अनुसार १० प्रतिशत थप विद्युत् समितिले व्यहोरिने गरी नेपाल विद्युत् समितिले उक्त ऐन र त्यस विषय बनको र पछि बन्ने नियम आदेशको अधीनमा रही नेपाल विद्युत् समितिको सबै कर्मचारीहरूको मासिक तलबबाट ऐनको अनुसूची बमोजिम क. सं. कोष कट्टी गरी ने. रा. बैंक वा कोषले अधिकृत गरेको बैंक वा मालमा जम्मा गरी दिनेछ ।

श्री प्रशासक कर्मचारी सञ्चय कोषको अफिसमा २०२४ साल श्रावण २१ गते यो सम्झौतामा हस्ताक्षर गरिएको छ ।

| नेपाल विद्युत् समितिको तर्फबाट | कर्मचारी सञ्चय कोषको तर्फबाट |
| --- | --- |
| (मुकुन्दबहादुर थापा)<br>सदस्य<br>नेपाल विद्युत समिति | (परीक्षित नरसिंह राणा)<br>प्रशासक<br>कर्मचारी संचय कोष |
| (भेषराज शर्मा)<br>सदस्य<br>नेपाल विद्युत समिति | संचालक<br>कर्मचारी संचय कोष |
| (ज्ञानमणि दिक्षित)<br>चिफ इलेक्ट्रीकल इन्स्पेक्टर<br>नेपाल विद्युत समिति | संचालक<br>कर्मचारी संचय कोष |

कर्मचारी संचय कोषको छाप ।

४३६

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
मुद्रण विभाग, सिंहदरबार

# अनुसूचि (ग)

कर्मचारी सचय कोष ऐन, २०१९ अनुसार गुठी संस्थानका सबै कर्मचारीहरूको मासिक तलबबाट सञ्चय कोष कट्टी गरी कोषमा जम्मा गर्ने भएकोले,

निम्न दफामा उल्लेख भए बमोजिम गुठी संस्थान र कर्मचारी संचय कोषले गर्नु पर्ने कारवाई समय समयमा गर्न मञ्जूर गरी गुठी संस्थानका प्रशासक र कर्मचारी संचय कोषको प्रशासकले २।२ प्रतिमा आजका मितिमा दस्तखत गरी एक एक प्रति बुझी लियौं ।

१. श्री ५ को सरकारको मिति २०२५।२।२५ को स्वीकृति अनुसार गुठी संस्थानले उक्त ऐन र त्यस विषय बनेको र पछि बन्ने नियम आदेशकोअधिनमा रही गुठी संस्थानको सबै कर्मचारीहरू-को मासिक तलबबाट ऐनको अनुसूची बमोजिम क. सं. कोष कट्टि गरी र त्यसमा गुठी संस्थान-बाट व्यहोरिने १० प्रतिशत रकम समेत ने. रा. बैंक वा कोषले अधिकृत गरेको बैंक वा मालमा जम्मा गरी दिनेछ । श्री प्रशासक कर्मचारी संचय कोषको अफिसमा मिति २०२५ साल आषाढ महीना गते २१ रोज ५ का दिन यो सम्झौतामा हस्ताक्षर गरिएको छ ।

| गुठी संस्थानको तर्फबाट | कर्मचारी संचय कोषको तर्फबाट |
|---|---|
| (तारा प्रसाद उपाध्याय) | (कृष्णराज राजभण्डारी) |
| प्रशासक | प्रशासक |
| संचालक | संचालक |
| संचालक | संचालक |

कर्मचारी संचय कोषको छाप ।

४३८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# अनुसूचि (ध)

कर्मचारी संचय कोष ऐन, २०१९ अनुसार घरेलु शिल्प कला बिक्री भण्डार (प्रा.लि.) का सबै कर्मचारीहरूको मासिक तलबबाट संचय कोष कट्टि गरी कोषमा जम्मा गर्ने भएकोले श्री ५ को सरकारबाट यो सम्झौता गर्न मिति २०२५।२।२५ मा दिइएको स्वीकृति अनुसार ।

तल लेखे बमोजिम घरेलु शिल्प कला बिक्री भण्डार (प्रा. लि.) र कर्मचारी संचय कोषले समय समयमा गर्नु पर्ने कारवाई गर्न मञ्जूर गरी घरेलु शिल्प कला बिक्री भण्डार (प्रा. लि.) को मेनेजर र कर्मचारी संचय कोषको प्रशासकले दुई दुई प्रतिमा आजका मितिमा दस्तखत गरी एक एक प्रति बुझिलियौं ।

घरेलु शिल्प कला बिक्री भण्डार (प्रा. लि.) का कर्मचारीहरूको तलबबाट २०२३ साल श्रावणदेखि भण्डारको नियम अनुसार कट्टी भएको र त्यसमा थप दिइएको रकम समेत प्रत्येक कर्मचारीको नाम नामेसी र अरू चाहिने विवरण तयार गरी एक मुष्ट रकम क. सं. कोषको नाममा बैंकमा जम्मा गरी भौचर र फांटवारी कोषमा पठाई दिने ।

यस सम्झौतामा हस्ताक्षर भएको मितिले पछिल्ला महीनादेखि घरेलु शिल्पकला बिक्री भण्डार (प्रा. लि.) ले कर्मचारी संचय कोष ऐन, हालका र पछि बन्ने नियम, आदेशको अधिनमा रही घरेलु शिल्पकला बिक्री भण्डार (प्रा. लि.) को कर्मचारीहरूको मासिक तलबबाट ऐनको अनुसूची बमोजिम कर्मचारी संचयकोष कट्टी गरी र त्यसमा घरेलु शिल्पकला बिक्री भण्डार (प्रा. लि.) बाट व्यहोरिने १० प्रतिशत वा सो भन्दा बढी त्यसै भण्डारको नियम अनुसार थप दिने रकम समेत ने. रा. बैंक वा कोषले अधिकृत गरेको अरू बैंक वा मालमा जम्मा गरी दिनेछ । कर्मचारी संचय कोषका कार्यालयमा २०२६ साल आश्विन २९ गते रोज ४ का दिन यो सम्झौतामा हस्ताक्षर गरिएको छ । घरेलु शिल्पकला बिक्री भण्डार (प्रा. लि.) को कर्मचारी संचयकोषको तर्फबाट ।

| | |
|---|---|
| (मेनेजर) | (प्रशासक) |
| संचालक | संचालक |
| (संचालक) | (संचालक) |

कर्मचारी संचय कोषको छाप ।

आज्ञाले–
हरिहर जङ्ग थापा
श्री ५ को सरकारको का. मु. सचिव

४३९

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

680

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।